# जिल्ला समन्वय समिति झापाको समन्वय तथा अनुगमन सम्बन्धी कार्यविधि
# २०८०

**प्रस्तावनाः**

**समन्वय तथा अनुगमन सम्बन्धी कार्यलाई नियमित व्यवस्थित तथा पारदर्शी तवरले सञ्चालन गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन ०७४ को दफा ९२ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी जिल्ला समन्वय समिति झापाले यो कार्यविधि बनाएको छ ।**

## परिच्छेद १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम जिल्ला समन्वय समिति झापाको समन्वय तथा अनुगमन सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि सभाले पारित गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "समन्वय" भन्नाले समिति वा सभाले संघ, प्रदेश र स्थानीय तह बीचमा वा प्रदेश र स्थानीय तह बीचमा वा स्थानीय तहरू बीचमा प्रचलित कानूनले समन्वय गर्ने भनी तोकिएका कार्यलाई सम्झनु पर्छ ।

(ख) "अनुगमन" भन्नाले समिति वा सभाले संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने स्थानीय स्तरका कार्यहरूमा प्रचलित कानूनले अनुगमन गर्ने भनी तोकिएका कार्यलाई सम्झनु पर्छ ।

(ग) "जिल्ला सभा" भन्नाले झापा जिल्ला सभा भन्ने बुझ्नु पर्छ ।

(घ) "जिल्ला समन्वय समिति" भन्नाले झापा जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले झापा जिल्ला समन्वय समितिका प्रमुख बुझ्नु पर्दछ ।

(च) "उपप्रमुख" भन्नाले झापा जिल्ला समन्वय समितिका उपप्रमुख भन्ने बुझ्नु पर्दछ ।

(ज) "सदस्य" भन्नाले झापा जिल्ला समन्वय समितिका सदस्य भन्ने बुझ्नु पर्छ ।

(झ) "जिल्ला समन्वय अधिकारी" भन्नाले झापा जिल्ला समन्वय अधिकारी बुझ्नु पर्दछ ।

(३) समन्वय तथा अनुगमनको उद्देश्यः-

(क) समन्वय तथा अनुगमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने ।

(ख) संघ, प्रदेश र स्थानीय तहका बीच आवश्यक कानून कार्यान्वयन मार्फत सुशासनको प्रवर्द्धन गर्ने।

(ग) अन्तर सरकार सहकार्य र समन्वयमा स्थानीय तहबाट पहल गर्ने ।

## परिच्छेद–२

## समन्वय तथा अनुगमन सम्बन्धी व्यवस्था तथा आधार

(४) समन्वय तथा अनुगमनको कानूनी व्यवस्थाः सभा वा समितिले समन्वय तथा अनुगमन गर्दा देहायका व्यवस्थामा आधारित हुनेछः–

(क) संवैधानिक व्यवस्थाः संविधानको धारा २२० को (७) मा उल्लेखित व्यवस्था,

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा१२ को (१), मा उल्लेखित व्यवस्था,

(ग) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐनको दफा २६ को (१), (२) र (३) को व्यवस्था,

(घ) प्रदेश सभाले बनाएका कानूनहरुको व्यवस्था र

(ङ) संघ तथा प्रदेश सरकारबाट प्राप्त नियमावली, कार्यविधि र निर्देशिकामा तोकिएका प्रबन्धहरू र सभा वा समितिले बनाएका कार्यविधिमा उल्लेखित व्यवस्थाहरू ।

(५) समन्वय तथा अनुगमनका आधारः सभा वा समितिले समन्वय र अनुगमनका लागि देहायको आधार लिन सक्नेछः–

(क) प्रचलित कानूनले स्थानीय तहबाट सम्पादन गर्ने भनी तोकिएका कार्यसम्पादनका सम्बन्धमा सभा वा समितिले समन्वय तथा अनुगमन गर्ने भनी तोकिएका विषय वा क्षेत्रहरु,

(ख) प्रचलित कानूनले संघ, प्रदेश र स्थानीय तह वा प्रदेश र स्थानीय तह वा स्थानीय तहहरूका बीचको कार्यमा समन्वय गर्ने भनी तोकिएका कार्यहरू

सम्पादनका सम्बन्धमा सभा वा समितिलाई समन्वय तथा अनुगमन गर्ने भनी तोकिएका विषय वा क्षेत्रहरू ।

(ग) उल्लेखित खण्ड (क) र (ख) का विषय वा क्षेत्रमा समन्वय तथा अनुगमनका सूचकहरू निर्माण गरी सभा वा समितिले प्रयोग गर्न सक्नेछ ।

(घ) खण्ड (ग) मा उल्लेखित सूचकमध्ये, समन्वय सम्बन्धी सूचक, अनुसूची- १ मा र अनुगमन सम्बन्धी सूचक, अनुसूची- २ मा राखिएको छ ।

(६) समन्वय तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः-

आफ्नो कार्यक्षेत्र भित्र नीति, कानून र विकास निर्माण लगायतका जनसरोकारका विषयमा समिति आफैंले वा उपसमिति वा कार्यदल वा विषय विज्ञ वा सचिवालयका अधिकारी मार्फत समन्वय तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद–३

## समन्वय तथा अनुगमनका विधि तथा प्राथमिकता सम्बन्धी व्यवस्था

(७) समन्वय तथा अनुगमनको विधिः

(१) सभा वा समितिले समन्वय तथा अनुगमनका सम्बन्धमा देहायका विधिहरू अवलम्बन गर्न सक्नेछ ।

(क) संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिहरू बीच सामूहिक तथा छुट्टाछुट्टै छलफल तथा अन्तरक्रिया गर्ने,

(ख) स्थानीय तह स्थित संघ, संस्था, सरोकारवाला कार्यालयबाट आवश्यक दस्तावेज माग गरी दस्तावेज अध्ययन गर्ने,

(ग) समिति, उपसमिति वा कार्यदल मार्फत स्थलगत अवलोकन गर्ने,

(घ) सरोकारवाला समुदाय, नागरिक समाज, पत्रकार, र विज्ञहरूसँग छलफल तथा परामर्शको कार्यहरू गर्ने,

(ङ) अध्ययन प्रतिवेदन, सिफारिस र निष्कर्ष आवश्यकता अनुसार आवश्यक ठाउँहरूमा पठाउने र सार्वजनिकीकरण गर्ने,

(२) समन्वय तथा अनुगमन गर्ने प्रयोजनका लागि आवश्यक दस्तावेज कागजात सम्बन्धी सूचना सम्बद्ध सरोकारवालाहरुले उपलव्ध गराउन पर्नेछ।

(८) समन्वय तथा अनुगमनको प्राथमिकीकरणः

(क) स्थानीय सभा सञ्चालन सम्बन्धी विषय वा क्षेत्र,

(ख) स्थानीय सरकार सञ्चालन सम्बन्धी विषय वा क्षेत्र,

(ग) स्थानीय स्तरमा अन्तर सरकार समन्वय र सहकार्यका विषय वा क्षेत्र,

(घ) मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विषय वा क्षेत्र,

(ङ) सार्वजनिक वा जनसरोकारसँग सम्बन्धित, विषय वा क्षेत्र,

(च) सुशासन तथा न्याय प्रशासनसँग सम्बन्धित विषय वा क्षेत्र,

(छ) समितिले आवश्यक ठानेका अन्य क्षेत्र ।

## परिच्छेद–४
## समन्वय तथा अनुगमनका सीमा

(९) समन्वय तथा अनुगमनको सीमाः-

सभा वा समितिले समन्वय तथा अनुगमन गर्दा देहायका सीमाभित्र रही कार्य गर्ने छः-

(क) संवैधानिक र कानूनी व्यवस्था,

(ख) कानून र न्यायका सामान्य सिद्धान्त,

(ग) लिङ्ग, वर्ण, क्षेत्र, जात, जाति तथा भाषाभाषी प्रति सम्मान तथा आदर

(घ) निष्पक्षता, तटस्थता र व्यावसायिकता तथा सन्तुलित अवधारणाका सिद्धान्त,

(घ) आर्थिक सिमितता अनुशरण

(ङ) समितिले तोकेको अन्य सीमा ।

## परिच्छेद–५
## विविध

(१०) सचिवालय सम्बन्धी व्यवस्थाः समितिको सचिवालयले समन्वय तथा अनुगमन सम्बन्धित सचिवालयको काम गर्नेछ ।

(११) उपसमिति वा कार्यदल गठन गर्न सक्नेः समितिले आफ्नो कामलाई प्रभावकारी तवरले सञ्चालन गर्ने प्रयोजनको लागि समितिका प्रमुख, उपप्रमुख तथा सदस्यहरू मध्येबाट उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(१२) विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्नेः समिति, उपसमिति वा कार्यदलले समन्वय तथा अनुगमनका सम्बन्धमा आवश्यकता अनुसार विज्ञ वा विज्ञसमूहको सहयोग लिन सक्नेछ ।

(१३) प्रतिवेदनः

(क) समन्वय तथा अनुगमनका सम्बन्धमा उपसमिति वा कार्यदलले समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम पेश हुन आएको प्रतिवेदन उपर समितिमा आवश्यक छलफल गर्नेछ ।

(ग) उपदफा (ख) बमोजिम प्रस्तुत प्रतिवेदन समितिले जिल्ला सभामा पेश गर्ने र आवश्यकता अनुसार सार्वजनिक गर्ने, सम्बन्धित निकाय वा क्षेत्रमा पठाउने।

(१४) कार्यविधिको व्याख्याः यस कार्यविधिको व्याख्या गर्ने अधिकार प्रमुखलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

(१५) प्रचलित कानून वमोजिम हुनेः यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयका सम्बन्धमा समितिको निर्णय तथा समिति सञ्चालन नियमानुसार हुनेछ।

(१६) कार्यविधिको संशोधनः समितिले यस कार्यविधिलाई आबश्यकता अनुसार संशोधन गर्न सक्ने छ ।

(१७) बाधा अड्काउ फुकाउः यो कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

(१८) खारेजी र बचाउः (१) स्थानीय तह अनुगमन कार्यविधि २०७७ खारेज गरिएको छ ।

(२) स्थानीय तह अनुगमन कार्यविधि २०७७ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूचि–१

1. **समन्वयका विषय तथा सूचकः** जिल्ला समन्वय समितिको समन्वयका लागि अवलम्बन गर्नुपर्ने विषय तथा सूचकः-

   जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिको समन्वय र सुपरीवेक्षणको जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ । नेपालको संविधान बमोजिम जिल्ला समन्वय समितिले समन्वय गर्ने २५ वटा निर्देशिकाहरू यस प्रकार छन्ः

   १. स्थानीय योजनाहरू स्थानीय प्राथमिकतासँग मिल्दाजुल्दा छन् कि छैनन्, जाँच गर्ने । छन् भने तिनलाई प्रभावकारी बनाउन प्रयत्नगर्ने र छैनन् भने आपसी समन्वयका आधारमा स्थानीय विकास योजनाहरू जिल्ला प्राथमिकताहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न नगरपालिका र गाउँपालिकाहरूसँग समन्वय गर्ने ।

स्थानीय प्राथमिकतामा परेको
स्थानीय प्राथमिकतामा नपरेको

२. स्थानीय विकास योजनाहरू प्रादेशिक प्राथमिकताहरूसँग मिल्दाजुल्दा छन् कि छैनन्, जाँच गर्ने । मिल्दाजुल्दा छन् भने तिनलाई स्थापित गर्ने र छैनन् भने आपसी समन्वयका आधारमा प्रादेशिक प्राथमिकतासँग मिल्ने सुनिश्चित गर्न प्रदेश सरकारसँग समन्वय गर्ने ।

प्रादेशिक प्राथमिकतामा परेको
प्रादेशिक प्राथमिकतामा नपरेको

३. विभिन्न सरकारी निकायहरू बीचमा आपसी समन्वय छ कि छैन जाँच गर्ने । आपसी समन्वय छ भने, त्यसलाई थप सुदृढ गर्ने र समन्वय छैन भने समन्वय गर्ने । यसका लागि स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरू बीचको समन्वयमा देखा परेका समस्याहरू पहिचान गरी बाधा फुकाउन समस्याहरूलाई सहजीकरण गर्ने ।

सरकारी निकाय बीच समन्वय भएको
सरकारी निकाय बीच समन्वय नभएको

४ जिल्ला स्थित गैर सरकारी संस्थाहरू र सरकारी निकायका बीचमा वा संस्थाहरूका बीचमा, आपसमा समन्वय छ कि छैन पहिचान गर्ने । जिल्लामा कार्यरत गैरसरकारी संस्थाहरू (एनजीओ) सँग समन्वय गरी

उनीहरूका कार्यक्रमहरू स्थानीय विकास प्राथमिकताहरूसँग मिल्ने सुनिश्चित गर्ने ।

गैससं र सरकारी निकाय बीच समन्वय भएको

गैससं र सरकारी निकाय बीच समन्वय नभएको

५. जिल्ला स्थित निजी क्षेत्रका संस्थाहरूका बीचमा आपसी समन्वय छ कि छैन, आवश्यक परीक्षण गर्ने । समन्वय छ भने थप सुदृढ बनाउन प्रयत्न गर्ने । समन्वय छैन भने स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरूसँग समन्वय हुन नसक्नाका कारण पहिचान गरी समन्वय गर्ने ।

निजीक्षेत्र र स्थानीय तह बीच समन्वय भएको

निजीक्षेत्र र स्थानीय तह बीच समन्वय नभएको

६. स्थानीय समुदायहरूका बीचमा आपसी समन्वय छ कि छैन भन्ने बारेमा जाँचगर्ने । समन्वय छ भने थप सुदृढ गर्ने, छैन भने सामाजिक एकता र सामुदायिक विकास प्रवर्द्धन गर्न स्थानीय समूदायहरू बीच समन्वयको सुनिश्चित गर्दै आवश्यक सहजीकरण गर्ने ।

स्थानीय तह र सामुदायिक संस्था बीच समन्वय भएको

स्थानीय तह र सामुदायिक संस्था बीच समन्वय नभएको

७. स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना तर्जुमा भए/ नभएको जाँच गर्ने । समन्वय भएको भए

सोको थप प्रवर्द्धन गर्ने र छैन भने स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा स्थानीय विकास योजना तर्जुमा गर्न समन्वय गरी तयार गरेको योजना कार्यान्वयन गर्ने ।

स्थानीय प्राथमिकताका योजना तर्जुमा भएको

स्थानीय प्राथमिकताका योजना तर्जुमा नभएको

८. स्थानीय विकास कार्यक्रमहरू स्थानीय स्रोतमा अधारित छन् वा छैनन् त्यसको जाँच गर्ने । छन् भने प्रवर्द्धनमा जोड दिने छैनन् भने स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूलाई सहयोग गर्न स्थानीय स्रोत पहिचान परिचालनमा समन्वय गर्ने ।

स्थानीय योजना स्थानीय स्रोतमा आधारित रहेको

स्थानीय योजना स्थानीय स्रोतमा आधारित नरहेको

९. स्थानीय विकास कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने, प्रभावकारी छैनन् भने स्थानीय विकास कार्यक्रमहरू प्रभावकारी छन् भनी सुनिश्चित गर्न आपसी समन्वय अनुगमन र मूल्याङ्कन गर्ने।

स्थानीय विकास कार्यक्रम प्रभावकारी रहेको

स्थानीय विकास कार्यक्रम प्रभावकारी नरहेको

१०. नागरिक सहभागिताको अवस्था आंकलन गर्ने र स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा नागरिक सहभागितालाई सुनिश्चित गर्ने त्यसका लागि समन्वय गर्ने र सहजीकरण गर्ने ।

विकास कार्यक्रममा नागरिक सहभागिता रहेको
विकास कार्यक्रममा नागरिक सहभागिता नरहेको

११. प्राकृतिक प्रकेपका बारेमा समन्वय गर्ने र समन्वयका अधारमा जिल्ला प्राकृतिक प्रकोपका लागि तयार छ भनी सुनिश्चित गर्न विपद् व्यवस्थापन योजनाहरू विकास गरी समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने ।

स्थानीय विपद् व्यवस्थापन योजना बनेको
स्थानीय विपद् व्यवस्थापन योजना नबनेको

१२. स्थानीय पालिकाका अतिरिक्त अन्य जिल्लासँगको समन्वय कायम राख्ने खास गरी ज्ञान र स्रोत आदानप्रदान गर्न र क्षेत्रीय विकास प्रवर्द्धन गर्न गाउँ/नगर साथै अन्य जिल्लाहरू सँग समेत आवश्यक समन्वय गर्ने ।

ज्ञान र स्रोत आदान प्रदान अन्य स्थानीय तहसँग भएको
ज्ञान र स्रोत आदान प्रदान अन्य स्थानीय तहसँग नभएको

१३. लैंगिक समानता आजको जल्दोबल्दो विषय भएकाले आवश्यक समन्वय गरी सोको आधारमा स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्ने ।

लैंगिक समानता प्रवर्द्धन कार्यक्रम सञ्चाल भएको

लैंगिक समानता प्रवर्द्धन कार्यक्रम सञ्चालन नभएको

१४. सीमान्तकृत समूहहरूको सेवा र स्रोतहरूमा पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा सामाजिक समावेशीकरणलाई बढावा दिने गरी समन्वय गर्ने ।

सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन भएको

सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन नभएको

१५. स्रोतको बाँडफाँड र उपयोग लगायत सबै स्थानीय विकास कार्यक्रमहरू र गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने गरी आवश्यक समन्वय गर्ने ।

स्रोतको बाँडफाँड र उपयोग पारदर्शी रहेको

स्रोतको बाँडफाँड र उपयोग पारदर्शी नरहेको

१६. प्रभावकारी समन्वयका अधारमा विकास कार्यक्रमहरू र गतिविधिहरू दिगो विकासका सिद्धान्तहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने ।

दीगो विकासका सिद्धान्तसँग मेल खाने रहेको

दीगो विकासका सिद्धान्तसँग मेल खाने नरहेको

१७. स्थानीय विकास कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न नागरिक समाज संगठन र निजी क्षेत्रसँग

साझेदारी विकास गर्न आवश्यक र प्रभावकारी समन्वय गर्ने ।

नागरिक समाज र निजि क्षेत्रसँग साझेदारी रहेको

नागरिक समाज र निजि क्षेत्रसँग साझेदारी नरहेको

१८. जलवायु परिवर्तन र यसका स्थानीय समुदायहरूमा पर्ने असरहरूलाई सम्बोधन गर्न योजनाहरू विकास र कार्यान्वयन गर्न प्रभावकारी समन्वय गर्ने ।

जलवायु परिवर्तनका असर कम गर्न कार्यक्रम सञ्चालन गरेको

जलवायु परिवर्तनका असर कम गर्न कार्यक्रम सञ्चालन नगरेको

१९. नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता प्रवर्द्धन गर्ने योजनाहरू विकास र कार्यान्वयन गर्न समन्वय गर्ने ।

नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको

नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम सञ्चालन नगरेको

२०. सडक, खानेपानी र सरसफाई जस्ता स्थानीय पूर्वाधारहरू विस्तार गर्ने योजनाहरू विकास र कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

स्थानीय पूर्वाधार विकासमा समन्वय भएको

स्थानीय पूर्वाधार विकासमा समन्वय नभएको

२१. शिक्षामा पहुँच प्रवर्द्धन गर्न शिक्षा र स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने र जनस्वास्थ्य सेवाहरू बीच समन्वय गर्ने ।

सामाजिक विकासमा समन्वय भएको

सामाजिक विकासमा समन्वय नभएको

२२. कृषि र ग्रामीण विकासको प्रवर्द्धन गर्ने योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

समन्वय भएको

समन्वय नभएको

२३. पर्यटन र सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्ने योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

समन्वय भएको

समन्वय नभएको

२४. व्यापार र लगानी प्रवर्द्धनका लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न समन्वय गर्ने ।

समन्वय भएको

समन्वय नभएको

२५. विकास कार्यक्रमहरू र गतिविधिहरू मानव अधिकारको सम्मान र सामाजिक न्यायको प्रवर्द्धन गर्ने तरिकामा कार्यान्वयन गर्ने सुनिश्चित गर्ने गरी समन्वय गर्न ।

समन्वय भएको

समन्वय नभएको

**ख. अनुगमनका विषय र सूचकः-**

अनुगमन कार्य सम्पादन गर्दा देहायका विषयमा ध्यान दिनुपर्छः

१. अनुगमन गर्दा पारित गरेको नीति तर्जुमा र लागु गरिएको कानूनको मिति, मापदण्डको स्वीकृति जस्ता विषयहरूको विवरण उल्लेख गर्नुपर्छ ।

२. योजनाको सम्बन्धमा कुन प्रकारका योजना बनेका हुन्, सो सम्बन्धी उल्लेख गर्नुपर्छ ।

३. सूचकमा आधारित भई बजेट विनियोजन र प्राथमिकता क्रम निर्धारण गरिएको छ छैन, उल्लेख गर्नुपर्छ।

४. सम्बन्धित अधिकारी वा निकायले पेश गरेको प्रतिवेदन भए सो प्रतिवेदन पेश गर्ने अवधि, तोकिएको ढाँचा सहित अन्य कुराहरू परिपालना भए नभएको उल्लेख गर्न पर्दछ ।

५. प्रतिवेदनमा अपेक्षित मापदण्ड र गुणस्तरका बारेमा विभिन्न प्रतिवेदनहरूले औंल्याएका टिप्पणीहरूका बारेमा उल्लेख गर्नुपर्दछ ।

६. पालना गर्नुपर्ने सम्बद्ध कानूनहरूको परिपालना भए नभएको र तदनुकुल बजेट विनियोजन भए नभएको समेत उल्लेख गर्नुपर्दछ ।

७. खर्चको प्रकृति र प्रवृत्ति, सोको उपयोगिता, प्रयोग, उपयोग, सदुपयोग वा दुरुपयोग भए वा नभएको कुरा, लेखा परीक्षकको टिप्पणी भए, सो कुरा र सो बारेमा सम्बन्धित संस्थाको आन्तरिक संयन्त्रका रूपमा नियन्त्रण र निगरानीको व्यवस्था भए सो कार्य र सो कार्य सम्पन्न

गर्ने संयन्त्रको भूमिका समेतका बारेमा उल्लेख गर्नु पर्दछ ।

८. सो संस्थाले हासिल गरेको उपलव्धीको स्तर, स्थलगत निरीक्षण भएको भए, सो समेतका कुराको प्रतिवेदनसँगको संयोजन समेतका बारेमा उल्लेख गर्नुपर्दछ ।

९. अनुगमन गरिएको संस्था वा निकायको मौजुदा जनशक्तिको अवस्था, तिनको सक्षमता र तत्त सम्बन्धी सम्बन्धित संस्थाको नीतिका बारेमा पनि उल्लेख गर्नु उपयुक्त हुन्छ ।

१०. अनुगमन गरिएको संस्था वा निकायको बिगतका कामको मूल्यांकन र सोही मूल्यांकनका आधारमा भविष्यका कामका बारेमा समेतको सुझाव प्रस्तुत गर्नु पर्दछ ।

११. अनुगमन गरिएको संस्था वा निकायको कामको मुल्यांकन तत्त सम्बन्धी क्षमता, कामको उत्पादकत्व एवं सोको परीक्षण र अनुगमनबाट प्राप्त भएको राय प्रस्तुत गर्नु पर्दछ ।

१२. सम्बन्धित संस्था वा निकायको स्रोत साधनको उपलव्धता र आपूर्ति बन्दोबस्तको अवस्थाको समेत मूल्यांकन गर्न पर्दछ ।

१३. सम्बन्धित संस्था वा निकायको साझेदारीको अवस्था, थप प्रभावकारीताका लागि साझेदारीको उपलव्धता र प्रयोगका बारेमा समेत उपायहरूको खोजी र सुझाव दिनु पर्दछ ।

१४. सम्बन्धित संस्था वा निकायले आधुनिक प्रविधिको प्रयोग गरे नगरेको बारेमा सुझाव दिनु पर्दछ ।

१५. अन्य विशिष्ठ सुझावहरू समेत भए सो समेत प्रतिवेदनमा सामेल गर्नु पर्दछ ।

१६. समितिले अपेक्षा गरेको र अनुगमन गरेको खास विषयमा ध्यानाकर्षण सहित समितिको निष्कर्ष सहितको सिफारिसका बारेमा संक्षेपमा उल्लेख गर्नुपर्दछ ।

**अनुसूची-२**

**अनुगमनका सूचकहरू**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (२) सँग सम्बन्धित नीति, योजना, मापदण्ड, कार्यान्वयन र कानून निर्माणसँग सम्बन्धित सूचकहरू

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| नगर प्रहरी | | | | | | | | | | | |
| सहकारी संस्था | | | | | | | | | | | |
| एफएम सञ्चालन | | | | | | | | | | | |
| स्थानीय कर सेवा शुल्क तथा दस्तुर | | | | | | | | | | | |
| स्थानीय सेवाको व्यवस्थापन | | | | | | | | | | | |
| स्थानीय तथ्याङ्क र अभिलेख संकलन | | | | | | | | | | | |
| स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | | | | | | | | | | | |
| आधारभूत र माध्यमिक शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य र सरसफाई | | | | | | | | | | | |
| स्थानीय बजार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण संरक्षण | | | | | | | | | | | |
| जैविक विविधता | | | | | | | | | | | |
| स्थानीय सडक, कृषि सडक, ग्रामिण सडक | | | | | | | | | | | |
| सिँचाई | | | | | | | | | | | |
| गाउँसभा/नगरसभा | | | | | | | | | | | |
| मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | | | | | | | | | | | |
| स्थानीय अभिलेख व्यवस्थापन | | | | | | | | | | | |
| जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा कृषि उत्पादन व्यवस्थापन | | | | | | | | | | | |
| पशुपालन, पशु स्वास्थ्य | | | | | | | | | | | |
| ज्येष्ठ नागरिक | | | | | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | | | | | | |
| अशक्तहरुको व्यवस्थापन | | | | | | | | | | | |
| बेरोजगारीहरुको तथ्याङ्क संकलन | | | | | | | | | | | |
| कृषि प्रसारको व्यवस्थापन | | | | | | | | | | | |
| खानेपानी | | | | | | | | | | | |
| साना जलविद्युत | | | | | | | | | | | |
| वैकल्पिक उर्जा | | | | | | | | | | | |
| विपद् व्यवस्थापन | | | | | | | | | | | |
| जलाधार | | | | | | | | | | | |
| वन्यजन्तु | | | | | | | | | | | |
| खानेपानी तथा खनिज पदार्थको संरक्षण | | | | | | | | | | | |
| भाषा | | | | | | | | | | | |
| संस्कृति | | | | | | | | | | | |
| ललितकलाको संरक्षण र विकास | | | | | | | | | | | |

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) सँग सम्बन्धित नीति, योजना, मापदण्ड, कार्यान्वयन र कानून निर्माणसँग सम्बन्धित सूचकहरू

| विषय | नीति | | ऐन।नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बने को | नबनेको | बने को | नबनेको | बनेको | नबनेको | वनेको | नबनेको | भएको | नभए को | |
| खेलकुद र पत्रपत्रिका | | | | | | | | | | | |
| स्वास्थ्य | | | | | | | | | | | |
| विद्युत | | | | | | | | | | | |
| खानेपानी | | | | | | | | | | | |
| सिँचाई | | | | | | | | | | | |
| सेवाशुल्क दस्तुर, दण्ड | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जरिवाना, रोयल्टी, पर्यटन शुल्क | | | | | | | | | | | |
| वनजंगल, वन्यजन्तु, चराचुरुङ्गी | | | | | | | | | | | |
| जल उपयोग | | | | | | | | | | | |
| वातावरण, पर्यावरण | | | | | | | | | | | |
| जैविक विविधता | | | | | | | | | | | |
| सामाजिक सुरक्षा र गरिवी निवारण | | | | | | | | | | | |
| व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क | | | | | | | | | | | |
| सुकुम्बासी व्यवस्थापन | | | | | | | | | | | |
| प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी | | | | | | | | | | | |
| सवारी साधन अनुमति | | | | | | | | | | | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (५) सम्बन्धित नीति, योजना, कानून, मापदण्ड, कार्यान्वयन सँग सम्बन्धित सूचकहरू

| विषय | नीति | | ऐन/नियम | | मापदण्ड | | योजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | बनेको | नबनेको | भएको | नभएको | |
| भूमि | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन | | | | | | | | | | | |
| सञ्चार सेवा | | | | | | | | | | | |
| यातायात सेवा | | | | | | | | | | | |

(३) मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरूसँग सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने प्रावधानहरूको कार्यान्वयन अवस्था

| सम्बन्धित ऐन | सम्बन्धित दफा | विषयक्षेत्र | कार्यान्वय | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |
| बालबालिका सम्बन्धी ऐन, २०७५ | ४८ | अनाथ, अभिभावक विहीन, वैकल्पिक हेरचाह चाहिने, विपन्न, दलित समुदायका बालबालिकाको पहिचान र तथ्यांक | | | |
| | ५२ | विशेष संरक्षणको व्यवस्था (आवश्यक बालबालिकाका लागि) | | | |
| | ६० | स्थानीय बालअधिकार समिति गठन व्यवस्थापन | | | |
| | ६१ | स्थानीय बालकल्याण अधिकारीको व्यवस्था | | | |
| | ५७ | बालसंरक्षण मापदण्ड निर्माण र लागु | | | |
| | ६० | बालअधिकार समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तर्जुमा | | | |
| | ६३ | स्थानीय बालकोषको स्थापना | | | |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | ४ | आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क पूरा | | | |
| | | माध्यमिक तहसम्मको शिक्षा सबैलाई निशुल्क प्रदान गर्ने कार्य | | | |
| | १४ | पायक पर्ने विद्यालय नपाएका बालबालिकाका लागि वैकल्पिक शिक्षाको व्यवस्था | | | |
| | १७ | आधारभूत तह पूरा गरेका बालबालिकाका लागि माध्यमिक वा प्राविधिक शिक्षा उपलब्धताको अवस्था | | | |
| | १८ | अभिभावक पहिचान नभएका बालबालिकाका लागि शिक्षा सम्बन्धी सम्पूर्ण व्यवस्था स्थानीय तहबाट गर्ने कार्य | | | |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | २१ | शैक्षिक सत्र प्रारम्भ हुनु ३ महिनापूर्व पालिकाले पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने | | | |
| | २२ | विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री प्रदान गर्ने कार्य | | | |
| | | विद्यालयमा प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्री, खेल सामग्री, खेलकुद पूर्वाधार, कम्प्युटर सूचना प्रविधि व्यवस्था | | | |
| | २३ | पछाडि परेको क्षेत्र, समुदाय, विपन्न वा अपांगता | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भएका नागरिकका परिवारका बालबालिकालाई मासिक छात्रवृत्ति प्रदान | | | |
| | २४ | सार्वजनिक विद्यालयमा स्वास्थ्य परामर्श र उपचारको प्रवन्ध | | | |
| | ३० | वार्षिक बजेटमा शिक्षाका लागि बजेट विनियोजन | | | |
| | ३६ | गाउँ/नगर सभामा प्रत्येक वर्ष विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तह पूरा गरेका बालबालिकाको संख्या, आधारभूत तह पूरा नगरी विद्यालय छाड्नेको संख्या, आधारभूत र माध्यमिक तहको लागि विनियोजित रकम सहितको प्रतिवेदन प्रस्तुत | | | |
| खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५ | ४ | भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान र अभिलेख राख्ने काम | | | |
| | | भोकमरी वा भोकमरीको जोखिम निराकरणका लागि प्रदेश र संघसँगको समन्वयमा खाद्य सञ्चिति र वितरणको व्यवस्था | | | |
| | ५ | गरिबी, भौगोलिक विकटता, विपद् वा अन्य कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घरपरिवारको पहिचान र अभिलेख राख्ने र अद्यावधिक गर्ने कार्य | | | |
| | ६ | लक्षित घरपरिवारलाई खाद्य सहायता परिचयपत्र उपलब्धता गराउने कार्य | | | |
| | ७ | लक्षित घरपरिवारलाई सहुलियत र खास प्रकृतिका लक्षित घरपरिवारलाई निशुल्क खाद्य सहायता उपलब्ध गराउने कार्य | | | |
| | ९ | तीन तहको समन्वयमा खाद्य भण्डारण सुविधा विस्तार र खाद्य संचिति गर्ने कार्य | | | |
| | १३ | कृषिको व्यवसायीकरण, औद्योगिकीकरण र प्राविधिकरण गर्ने कार्य | | | |
| | १४ | नेपाल सरकारले गरेको वर्गीकरणको आधारमा किसान परिचयपत्र जारी गर्ने कार्य | | | |
| | १५ | कृषियोग्य भूमिको वर्गीकरण | | | |
| | १६ | कृषिबजारको व्यवस्था | | | |
| | १७ | कृषि योग्य भूमिको दीगो व्यवस्थापन कार्य | | | |
| | १८ | दलित लोपोन्मुख, आदिवासी किसान र भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम सञ्चालन | | | |
| | २६ | खाद्य अधिकार, सुरक्षा र सम्प्रभुताको अधिकार | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संरक्षण र प्रवर्द्धनका लागि आपूर्ति र वितरण प्रणाली सहज बनाउन पालिका अध्यक्ष र प्रमुखको अध्यक्षतामा खाद्य समन्वय समिति गठन गर्ने कार्य | | | |
| रोजगारीको हक सम्बन्धी ऐन, २०७५ | ८ | रोजगार कार्यक्रम सञ्चालन कार्य | | | |
| | | रोजगार कार्यक्रममा महिला, दलित, विपन्न, सहिद परिवार र बेपत्ता परिवारलाई प्राथमिकता दिनुपर्ने कार्य | | | |
| | ९ | रोजगार सेवा केन्द्र स्थापना कार्य | | | |
| | ११ | बेरोजगार व्यक्तिको सूची तयार गरी अभिलेख अद्यावधिक गर्ने कार्य गरी प्रदेश र संघमा पठाउने कार्य | | | |
| | १३ | रोजगारदाताको सूची अद्यावधिक गरी राख्ने कार्य | | | |
| | १७ | तोकिए बमोजिम निर्देशक समिति गठन गर्ने कार्य | | | |
| | २० | बेरोजगारको लागि रोजगारीको अवसर सम्बन्धी सूचना, सीपमूलक तालिम, सहुलियतपूर्ण ऋण र रोजगार सिर्जना गर्ने कार्य | | | |
| | २३ | रोजगार कार्यक्रमका लागि बजेटको व्यवस्था | | | |
| | २९ | रोजगार सम्बन्धी कार्यक्रमको नियमित अनुगमन गर्ने कार्य | | | |
| आवासको अधिकार सम्बन्धी ऐन, २०७५ | ७ | तीन तहको समन्वयमा आवास विहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गर्ने कार्य | | | |
| | ९ | आवास उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोवास अवस्था खुल्ने गरी लगत संकलन गर्ने कार्य र प्रदेश/संघमा पठाउने कार्य | | | |
| | १० | तोकिए बमोजिमको परिचयपत्र वितरण गर्ने कार्य र सो विवरण प्रदेश र संघमा पठाउने कार्य | | | |
| | १३ | विपदबाट विस्थापित व्यक्ति तथा परिवारलाई अस्थायी आवास वा आर्थिक सहायता उपलब्ध गराउने कार्य | | | |
| अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ | ४ | अपांगताको वर्गीकरण र परिचयपत्र वितरण कार्य | | | |
| | ६ | अपांगता भएका व्यक्तिको विवरण सहितको अभिलेख तयारी र अद्यावधिक कार्य र प्रदेश र संघमा पठाउने कार्य | | | |
| | २१ | प्राविधिक तथा व्यावसायिक शिक्षा निःशुल्क उपलब्धता | | | |
| | २३ | अपांगता भएका व्यक्तिलाई सीप, कला साहित्यका | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लागि सुविधा प्रदान कार्य | | | |
| | ४२ | नगर प्रमुख वा गाउँपालिका अध्यक्षको संयोजकत्वमा अपांगता व्यक्तिको संरक्षण र हक हितका लागि समन्वय समिति गठन कार्य | | | |
| | ४३ | अस्पताल र विद्यालयमा सहज पहुँचको कार्य | | | |
| | ५८ | अपांगता भएका व्यक्तिको अधिकार संरक्षण कार्यका लागि संरक्षण अधिकृत तोक्ने कार्य | | | |
| उपभोक्ता संरक्षण ऐन, २०७ | १२ | • बिना भेदभाव उपभोक्तालाई सेवाप्रदान<br>• मूल्य सूची पारदर्शी रूपमा राख्ने कार्य<br>• माग बमोजिम सेवाको वितरण उपलब्धता | | | |
| | २८ | वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर र शुद्धताका विषयमा बजारको स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्न बजार अनुगमन समितिको गठन गर्ने कार्य | | | |
| | २९ | अनुचित व्यापारिक क्रियाकलाप भए वा नभएको, मूल्य सूची राखे वा नराखेको, वस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्य सम्बन्धी अनुगमन तथा निरीक्षण गर्न वजार अनुगमन टोली गठन गर्ने कार्य | | | |
| | ६४ | बजार अनुगमन कार्य व्यवस्थित गर्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्ने कार्य | | | |
| जनस्वास्थ्य सेवा ऐन, २०७५ | ३ | दश प्रकारका स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने कार्य | | | |
| | ४ | आकस्मिक स्वास्थ्य सेवाप्रदान गर्ने कार्य | | | |
| | ६ | प्रेषण (रेफरल) सेवा कानून बमोजिम उपलब्ध गराउने कार्य | | | |
| | १२ | सबै सेवाग्राहीलाई समान व्यवहारको प्रत्याभूति | | | |
| | १५ | डिस्चार्ज गर्दा जानकारी सहितको डिस्चार्ज सारांश दिने कार्य | | | |
| | १६ | योग्य सेवा प्रदायकबाट सेवा प्रदान गर्ने कार्य | | | |
| | २१ | सरकारी, सामुदायिक वा निजी क्षेत्रले प्रवाह गर्ने सेवा प्रवाहको मापदण्ड पालना | | | |
| | २४ | विद्यालय स्वास्थ्य सेवा प्रवाह | | | |
| | २५ | स्वास्थ्य संस्थाले गुणस्तरीय स्वास्थ्य सेवा दिने कार्य | | | |
| | २९ | अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्ने कार्य | | | |
| | ४१ | मापदण्ड बमोजिम सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्य | | | |
| | ४२ | स्वास्थ्य मैत्री आवास, यातायात र सडक पूर्वाधार निर्माण | | | |
| | ४३ | पर्याप्त खेल, मनोरञ्जन स्थल, पार्क, पैदल हिँड्ने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्था, साइकल लेन निर्माण कार्य | | | |
| | ४६ | सामाजिक र साँस्कृतिक अन्धविश्वास नियन्त्रण कार्य | | | |
| | ४७ | लक्षित समूहका लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन | | | |
| | ४८ | आपत्कालीन स्वास्थ्य सेवा सञ्चालन | | | |
| | ४९ | संक्रामक रोगको रोकथाम कार्य | | | |
| | ६० | संघ र प्रदेशमा प्रतिवेदन दिने कार्य | | | |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | ६ | प्रसूति सेवाप्रदान गर्ने कार्य | | | |
| | ७ | आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्ने कार्य | | | |
| | ८ | नवजात शिशुको स्वास्थ्य स्याहार गर्ने कार्य | | | |
| | ९ | शिशुको जन्म अभिलेख राख्ने कार्य र प्रमाणपत्र दिने कार्य | | | |
| | १० | परिवार नियोजन सेवा प्रदान गर्ने कार्य | | | |
| | १३ | प्रसूति विदाको प्रचलन गराउने कार्य | | | |
| | | कार्यालय भित्र स्तनपान कक्ष छुट्याउने कार्य | | | |
| | १८ | कानून बमोजिम आवश्यकता अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने कार्य | | | |
| | २२ | विनियोजित रकमबाट विपन्न महिलाको मातृत्व प्रजनन् स्वास्थ्य संस्थाले प्राप्त गर्ने व्यवस्था | | | |
| | २३ | वार्षिक बजेटमा मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको लागि आवश्यक बजेट विनियोजन गर्ने कार्य र स्वास्थ्य संस्थाले प्राप्त गर्ने व्यवस्था | | | |
| | २८ | परिवार नियोजन प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन् स्वास्थ्य रुग्णता सेवामा किशोरी तथा अपांगता मैत्री प्रावधान | | | |
| | ३० | मानसिक रूपले अशक्त, परिवारबाट तिरस्कृत महिलाको प्रजनन् स्वास्थ्य संरक्षणका लागि संरक्षण गृहमा राख्ने व्यवस्था मिलाउन तहगत समन्वय कार्य | | | |
| सामाजिक सुरक्षा ऐन, २०७५ | १६ | सामाजिक सुरक्षा पाउने व्यक्तिलाई परिचयपत्र दिने कार्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १७ | परिचयपत्रको आधारमा भत्ता बितरण | | | |
| | १८ | सुरक्षा भत्ताको अभिलेख राख्ने कार्य | | | |
| | २० | सुरक्षा भत्ता दोहोरो नपर्ने गरी वितरण गर्ने कार्य | | | |
| | २७ | अनाथ बालबालिका, अशक्त तथा असहाय व्यक्ति, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हेरचाहको लागि हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गर्ने कार्य | | | |
| | २८ | सामाजिक सुरक्षा भत्ता बितरणको विवरण चौमासिक रूपमा प्रदेश र संघमा पठाउने कार्य | | | |
| अपराध पीडित संरक्षण ऐन, २०७५ | १९ | पीडितको सामाजिक पुनःस्थापनाको लागि तहगत समन्वयमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने कार्य | | | |
| वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५ | १० | वातावरण संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिम कुनै काम गर्न तोक लगाउने कार्य | | | |
| | | स्थानीय तहको परामर्शमा कुनै क्षेत्रलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय पुनःस्थापनाका लागि उपयुक्त आदेश | | | |
| | १३ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट संयुक्त वातावरण कोष स्थापना | | | |
| जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | ५ | जेष्ठ नागरिकको पालनपोषणको लागि परेको उजूरीमा वडाध्यक्षको आदेश वा न्यायिक समितिको आदेश र कार्यान्वयन | | | |
| | | जेष्ठ नागरिकलाई परिवारले हेरचाह नगरेको अवस्थामा हेरचाह केन्द्रमा राखी पालनपोषण गर्ने व्यवस्था | | | |
| | ८. क | • जीवनयापनमा समस्या परेका जेष्ठ नागरिकको लागि परिवार वा हकवालालाई बैंक खातामा निश्चित रकम जम्मा गर्न लगाउने कार्य<br>• ज्येष्ठ नागरिकको निवेदन द्रुत प्रक्रियाबाट सम्पादन गर्न कार्यविधि बनाई लागु गर्ने कार्य | | | |
| | ९ | • सार्वजनिक सवारी साधन, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा सेवा र सुविधा उपलब्ध गराउने कार्य<br>• स्वास्थ्य संस्थाले जेष्ठ नागरिकलाई प्राथमिकता दिने कार्य<br>• उपचार गराउँदा कम्तीमा ५० प्रतिशत छुट दिने कार्य<br>• खानेपानी, बिजुली, टेलिफोन आदि सार्वजनिक सेवा प्रदायक संस्थाले प्राथमिकता दिने कार्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११ | जेष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा प्राथमिकता दिई सम्पादन गर्ने कार्य | | | |
| | १५ | स्थानीय तहमा जेष्ठ नागरिक समिति गठन गरी राजपत्रमा सूचना प्रकाशित गर्ने कार्य र बैठक र काम कारवाहीको निरन्तरता दिने कार्य | | | |
| | १६ | जेष्ठ नागरिकको लगत, अभिलेख, अद्यावधिक सुरक्षा योजना, अनुगमन तथा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, जेष्ठ नागरिक क्लब आदिको स्थापना र अनुगमन कार्य | | | |

(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ सँग सम्बन्धित योजना तर्जुमाका प्रकार र सो सम्बन्धी सूचकहरू

| बिषयक्षेत्र | प्रकार | बनेको | नबनेको | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | आएको | नआएको | |
| योजना तर्जुमा | वार्षिक | | | | | |
| | आवधिक | | | | | |
| | रणनीतिक | | | | | |
| | बिषयक्षेत्रगत | | | | | |
| | मध्यकालीन खर्च संरचना | | | | | |
| | भू-उपयोग | | | | | |
| | दीर्घकालीन | | | | | |

(५) योजना तर्जुमामा प्राथमिकता दिनुपर्ने बिषय क्षेत्रलाई प्राथमिकता दिइनुपर्ने स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ सँग सम्बन्धित

| प्राथमिकता दिनुपर्ने बिषय क्षेत्र | वार्षिक/आवधिक योजनामा प्राथमिकता | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|
| | दिएको | नदिएको | भएको | नभएको | |
| क. आर्थिक विकास र गरिबी निवारण | | | | | |
| ख. उत्पादनमूलक | | | | | |
| ग. आम्दानी र रोजगार बढ्ने | | | | | |
| घ. सहभागिता जुट्ने र लागत कम हुने | | | | | |
| ङ. स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने | | | | | |
| च. महिला, बालबालिका, पिछडा वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्ने | | | | | |
| छ. लैंगिक समानता र सामाजिक समावेशीकरण वृद्धि | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| हुने | | | | | |
| ज. दीगो विकास, वातावरणीय संरक्षणलाई सहयोग पुग्ने | | | | | |
| झ. भाषिक तथा साँस्कृतिक पक्षको संरक्षण र अभिवृद्धि हुने | | | | | |

(६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ सँग सम्बन्धित गाउँ/ नगरपालिका बीच संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने

| साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गरिने कार्यहरू | साझेदारीमा | | सम्झौता | | संयुक्त व्यवस्थापनमा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | |
| क. वृहत् पूर्वाधार, ठूला मेशिन औजार खरिद | | | | | | | |
| ख. विपद् व्यवस्थापन | | | | | | | |
| ग. फोहोर मैला व्यवस्थापन, प्रशोधन | | | | | | | |
| घ. दमकल, एम्बुलेन्स | | | | | | | |
| ङ. पर्यटन | | | | | | | |
| च. संयुक्त उद्यम | | | | | | | |
| छ. बजार व्यवस्थापन | | | | | | | |
| ज. प्राविधिक शिक्षा | | | | | | | |
| झ. अन्य | | | | | | | |

(७) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजश्व बाँडफाँडका लागि लिएको आधार र ढाँचा बमोजिम गाउँपालिका र नगरपालिकालाई भार र प्रतिशत निर्धारण गरी सिफारिस गरेको छ । सो अनुसार प्राप्त स्रोतलाई स्थानीय तहले पनि आफ्नो ठाउँमा सोही अनुसार बितरण र विभाजन गर्नुपर्ने हुन्छ । सो बमोजिम के भएको छ त**?**

| क्र.स. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशत) | ढाँचा भार प्रतिशतमा | बजेट विनियोजन अनुरुप | |
|---|---|---|---|---|---|
| | | | | भएको | नभएको |
| १ | जनसंख्या र जनसांख्यिक विवरण<br>क) कुलजनसंख्या<br>ख) आश्रित जनसंख्या | <br>७०%<br>३०% | ६०% | | |
| २ | क्षेत्रफल (भूगोल) | | १५% | | |
| ३ | मानव विकास सूचांक | | ५% | | |
| ४ | खर्चको आवश्यकता | | ५% | | |
| ५ | राजश्व संकलनमा गरेको प्रयास | | ३% | | |
| ६ | पूर्वाधार विकासः-<br>क. सडकको घनत्व (सडकमा पहुँच)<br>ख. विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | <br>६०%<br>१०%<br>१०%<br>१०%<br>१०% | १०% | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ. खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>ङ. सरसफाई (शौचालयको उपलब्धता) | | | | |
| ७ | विशेष अवस्था<br>क. अपांगता भएको जनसंख्या<br>ख. आर्थिक सामाजिक असमानता | <br>२०%<br>८०% | २% | | |
| | जम्मा | | १००% | | |

(८) सूत्रमा आधारित समानीकरण अनुदान

| क.स. | आधार(सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशत) | ढाँचा (भार प्रतिशत) | बजेट विनियोजनको सूचकको आधारमा | |
|---|---|---|---|---|---|
| | | | | भएको | नभएको |
| १ | मानव विकास सूचकांक | | १०% | | |
| २ | आर्थिक सामाजिक असमानता | | ५% | | |
| ३ | पूर्वाधार विकासको अवस्था<br>च. सडकको घनत्व<br>छ. विद्युतको सुविधा<br>ज. सूचना प्रविधिको सुविधा<br>झ. खानेपानीको सुविधा (पहुँच)<br>ञ.सरसफाई (शौचालयको उपलब्धता) | <br>६०%<br>१०%<br>१०%<br>१०%<br>१०% | १०% | | |
| ४ | राजश्वको अवस्था | | ५% | | |
| ५ | खर्चको आवश्यकता | | ७०% | | |
| | जम्मा | | १००% | | |

(९) राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दीगो विकास लक्ष्यः-

स्थानीयकरण स्रोत पुस्तिकाको पृष्ठ ७ मा उल्लेखित स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कार्यविवरण

| विषयक्षेत्र | दिगो विकासको लक्ष्य | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|
| | | भएको | नभएको | |
| आर्थिक विकास | गरिबीको अन्त्य | | | |
| | शून्य भोकमरी | | | |
| | मर्यादित काम तथा आर्थिक वृद्धि | | | |
| | असमानतामा कमी | | | |
| सामाजिक विकास | राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन | | | |
| | गुणस्तरीय शिक्षा | | | |

| | | | | |
|---|---|---|---|---|
| | लैंगिक समानता | | | |
| | स्वच्छ खानेपानी तथा सरसफाई | | | |
| पूर्वाधार विकास | धान्न सक्ने तथा स्वच्छ उर्जा | | | |
| | उद्योग, नवीन खोज तथा पूर्वाधार | | | |
| | दीगो सहर तथा समूदाय | | | |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | दीगो उपभोक्ता तथा उत्पादन | | | |
| | जलवायु कार्य | | | |
| | जमिन माथिको जीवन | | | |
| | शान्ति, न्यायपूर्ण तथा सबल संस्था | | | |
| | वहुसरोकार साझेदारी | | | |

(१०)प्रदेश सभाहरूले निर्माण गरेको स्थानीय सभा सञ्चालन ऐन सँग सम्बन्धीत नमूना सूचकः–

| बिषय | पटक | | | कैफियत |
|---|---|---|---|---|
| | एक | दुई | दुई भन्दा बढी | |
| सभाको अधिवेशन आह्वान वर्षमा | | | | |

| विषय | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|
| | छ | छैन | |
| बैठकमा सदस्यको आसन निर्धारण भएको | | | |
| बैठकमा पेश भएका विषय माथि छलफल गर्न समय अवधि तोकिने गरिएका | | | |
| बैठकमा पालना गर्नु पर्ने कुराको पालना भएको | | | |
| बैठकमा निर्णयार्थ प्रस्ताव पेश गर्दा हुन्छ, हुन्न वा मत दिन्न भनी मत विभाजन भएको | | | |
| कार्यपालिकाले विधेयक तर्जुमा गर्दा अवधारणापत्र तयार गर्न सरोकारवाला र विज्ञसँग छलफल हुने गरेको | | | |
| विधेयक तयारी गर्दा विज्ञले विवरण तयार गर्ने गरेएको | | | |
| विधेयक प्रस्तुत गर्दा प्रत्यायोजित विधायन बारेको | | | |

| | | | |
|---|---|---|---|
| टिप्पणी संलग्न गर्ने गरिएको | | | |
| सभामा प्रस्तुत विधेयक माथि संसोधन प्रस्ताव दर्ता गर्ने परम्परा | | | |
| सभाले विषयगत समिति बनाएको | | | |
| सभाले विधेयकहरू विधायन समितिमा पठाउने गरेको | | | |
| विधायन समितिले विधेयकको आवश्यक छलफलमा सरोकारवाला र विज्ञहरूलाई बोलाउने परम्परा छ वा छैन । | | | |
| सभामा वा विषयगत समितिमा आफैले बनाएका कानून कार्यान्वयनको अवस्था बारे छलफल हुने गरेको | | | |

| बिषय | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|
| | हुन्छ | हुदैन | |
| बैठकमा कार्यसूचि र समय तालिका वितरण | | | |
| बैठकमा पालना गर्नुपर्ने आचरणको पालना | | | |